मिति:२०८०/०२/११ का.पा. बैठक सं. २३-०७९/८०

<u>प्रस्तावहरु:-</u>

१.फोहोरमैला व्यवस्थापन सम्बन्धमा ।

२.सुरक्षित नागरिक आवास कार्यक्रम सम्बन्धमा ।

३. विविध ।

<u>निर्णयहरु:-</u>

१. <u>फोहोरमैला व्यवस्थापन सम्बन्धमा ।</u>

जिल्ला रुपन्देही सिद्धार्थनगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय लुम्बिनी प्रदेश, ओमसतिया गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय लुम्बिनी प्रदेश र रोहिणी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय लुम्बिनी प्रदेशको संयुक्त साझेदारीमा रोहिणी गाउँपालिकाको भोग चलन तथा नाममा दर्ता रहेको जग्गामा आफ्नो पालिका भित्रको फोहोरमैला व्यवस्थापनका गर्न फोहोरमैला प्रशोधन केन्द्र निर्माणका लागि बजेट सुनिश्चित गर्ने ।

२. <u>सुरक्षित नागरिक आवास कार्यक्रम सम्बन्धमा</u> ।

नेपालको संविधान प्रदत्त नागरिकको मौलिक हक अन्तर्गत आवासको आधिकार सम्बन्धी ऐन, २०७५ बमोजिम उपयुक्त, सुरक्षित र वातावरणमैत्री आवासको अधिकारको सम्मान, संरक्षण तथा परिपूर्ति गर्न गरिबीको रेखामुनी रहेका, प्रकोपका कारण घरवार विहिन भएका घर परिवारहरुले सुरक्षित आवास निर्माण आफैले गर्न चाहेमा जस्तापाता र सहुलियत दरको काठ लगायतका सामाग्री खरिदका लागि र गरिवीको रेखा मुनी रहेका, पराल वा खरको छाना भएका घर परिवारलाई जस्ता पाताको छाना मुनि ल्याउने गरि नेपाल सरकार शहरी विकास मन्त्रालय शहरी विकास तथा भवन निर्माण विभाग बबरमहल काठमाडौंद्वारा सञ्चालित सुरक्षित नागरिक आवास कार्यक्रमका लागि इच्छुक घरधनीहरुले फाराम भर्नका लागि १० (दश) दिने सूचना प्रकाशन गर्ने ।

३. <u>विविध</u> ।

क. <u>घ वर्गको इजाजत पत्र सम्बन्धमा</u> ।

तानसेन न.पा.-१३, पाल्पा निवासी जित बहादुर थापाको जित कन्सट्रक्सन ओमसतिया-१ दर्ताको लागि आवश्यक कागतपत्र सहित पेश गरेकोमा उक्त निर्माण कम्पनीलाई यस गाँउपालिकामा दर्ता गरी घ वर्गको निर्माण व्यवसायी ईजाजत पत्र उपलब्ध गराउने।

ख. <u>अख्तियारी सम्बन्धमा</u> ।

- निवेदक जिल्ला रुपन्देही ओमसतिया गाउँपालिका वडा नं. ६ बस्ने प्रेमलता पाल वर्ष ३३ प्रत्यर्थी ओमसतिया गाउँपालिका गाउँकार्यपालिकाको कार्र्यालय, हाटीफर्सीटिकर रुपन्देही समेत भएको मुद्दा नं. ०७९-wo-०१५१ को उत्प्रेषण सहितको परमादेश मुद्दामा ओमसतिया गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय हाटिफर्सीटिकर रुपन्देहीको तर्फवाट तारिख वुझ्नको लागि जिल्ला रुपन्देही बुटवल उ.म.न.पा. ११ बस्ने मिना जि.सी लाई अख्तियारी दिने ।

०८०/०२/११

मन्जित कुमार यादव (सोनु)
अध्यक्ष

विपिन क्षेत्री
प्रमुख प्रशासकीय अधिकृत

मिति:२०८०/०२/११ का.पा. बैठक सं. २३-०७९/८०

ओमसतिया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हाटीफर्सातिकर, रुपन्देही
लुम्बिनी प्रदेश नेपाल

- प्रतिवादी ओमसतिया गाउँपालिका, वडा नं. ४ का कार्यवाहक वडा अध्यक्ष श्री ओमकारनाथ पाण्डे भएको मुद्दा नं. ०७९-८४-०७०१ को गाली बेइज्जती प्रतिउत्तरपत्र दर्ता गर्ने सम्बन्धि मुद्दामा ओमसतिया गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय हाटिफर्सीटिकर रुपन्देहीको तर्फबाट तारिख बुझ्नको लागि यस कार्यालयको कर्मचारी श्री अन्जु खनाललाई अख्तियारी दिने ।

ग. <u>सडक मापदण्ड निर्धारण सम्बन्धमा</u> ।

यस ओमसतिया गाउँपालिका भित्र भवन नक्सा पास लागु भैसकेको तर सडक मापदण्ड निर्धारण भै नसकेको अवस्थामा घर नक्सा पासलाई व्यवस्थित गर्न नसकिएकाले उक्त कार्यलाई व्यवस्थित गर्नका लागि प्रत्येक वडा कार्यालयले आफ्नो वडा कायर्लय भित्रको सडक मापदण्ड निर्धारण गरि वडा समितिको निर्णय सहित आगामी कार्यपालिका बैठकमा पेश गर्ने ।

घ. <u>सार्वजिक कुलो सफाईको माटो सम्बन्धमा</u> ।

यस ओमसतिया गाउँपालिकाका विभिन्न स्थानमा रहेका कुलो संरक्षण तथा सरसफाई गर्ने क्रममा निस्केको माटो आवश्यकता अनुसार यस क्षेत्रको सार्वजनिक स्थान र सरकारी कार्यालयहरुमा प्रयोग गर्ने ।

०८०/०२/११

मन्जित कुमार यादव (सोनु)
अध्यक्ष

विपिन क्षेत्री
प्रमुख प्रशासकीय अधिकृत